ग्रामीण पत्रकारिताको प्रयास

# जनता टाइम्स साप्ताहिक

JANATA TIMES WEEKLY

❑ वर्ष-१० ❑ अङ्क-३३, २०७५ पुस ७ गते, शनिबार Dec.22, 2018 Saturday) www.janatimes.com मुल्य रु. ५/- पृष्ठ संख्या ६

पृष्ठ ४ मा



स्थानीय तहका कर्मचारीहरू

# सप्तरीमा गहुँ बीऊ अभाव




फत्तेपुर / सप्तरीमा गहुँ छर्ने सिजनमा गहुको विउ अभाव भएको छ।

यतिबेला किसानहरुले गहुँको बीऊ छर्ने बेला हो। खेत जोतेर तयारी अवस्थामा राख्दा पनि विउ नपाएपछि सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नम्वर ६ का कैलु यादव यतिबेला चिन्तित देखिएका छन्।

विगत दुई सातादेखि गहुँको विउका लागि दिनहुँजसो सदरमुकाम राजविराज धाउँदै आएका छन। तर बीऊ नपाएपछि उनमा निरासा बढ्दै गएको छ।

'बीऊ लिन गाउँपालिकाको कृषि विकास शाखा कार्यालय धाउँदा पनि पाईएन, उनले भने 'सदरमुकाम धाएर दौडधुप गर्दा पनि हात लागेको छैन।' कैलु झैं राजगढ गाउँपालिकाका किसान लालदेव यादव पनि शुक्रवार कृषि ज्ञान केन्द्र राजविराजमा नै भेटिए। 'खेत तयार गरेर गहुँ छर्नका लगि ठिक्क छ, तर कतै पनि बीऊ नपाएका कारण जोतेको खेत पनि वाँझै रहने पो हो की भन्ने चिन्ता बढेको छ।

'साल्ट ट्रेडिङ्ग लिमिटेड र कृषि ज्ञान केन्द्र धाउँदा धाउँदा हैरानी सिवाय केहि पाईएन उनले भने-'गहुँको विउ अभावका कारण वालि लगाउँन नपाउँदा वालवच्चा कसरी पाल्ने भन्ने चिन्ताले पिरोल्न थालेको छ। वडा अध्यक्षले पाएको पाँच बोरा गहुँको बीऊ समेत वितरण नगरी त्यसै थन्क्याएर राखिएको उनले गुनासो गरे। समस्या लालदेव र कैलुको मात्र होईन, जिल्लाका अधिकांश किसानले यतिबेला गहुँको विऊ अभावका कारण सास्ती झेल्नु परेको छ।

कृषि ज्ञान केन्द्र सप्तरीका अनुसार समयमा आवश्यकता अनुसारको बीऊको उपलब्ध हुन नसक्दा सप्तरी र सिरहामा गहुँको बीऊ अभाव भएको हो। गत मंसिर ९ गते मात्र गहुँको विऊ खरिदका लागि प्रदेश सरकारले निर्देशन दिएको र वालि लगाउने वेला नजिकिदै गरेको समयमा टेण्डर मार्फत विउ खरिद गर्न नसकिएको ज्ञान केन्द्रका प्रमुख भागिरथ यादवले वताए।

सरकारको स्वामित्व रहेको संस्था मार्फत नै विउ खरिद गर्नु पर्ने व्यवस्थाका कारण अन्त्यमा साल्ट ट्रेडिङ्ग कम्पनी लिमिटेडसँग २३० मेट्रिक टन विऊको सम्झौता भएकोमा सम्झौता अनुसार पनि बीऊ नआएपछि किसानलाई पनि दिन नसकिएको उनको भनाई छ। 'साल्ट ट्रेडिङ्गले १०५ टन मात्र उपलब्ध गरायो- यादवले भने-'त्यो पनि सिरहा र सप्तरीका किसानलाई वाँड्नु पर्ने भएकाले सवैतिर बीऊको अभाव छ।

कृषि ज्ञान केन्द्र र साल्ट ट्रेडिङ्गले डिलर मार्फत गहुँको बीऊ वितरण गर्दै आएका छन्। ज्ञान केन्द्रले करिव ६० टन तथा साल्ट ट्रेडिङ्गले १०६ दशमलव २४ टन मात्र गहुँको बीऊ सप्तरीमा विक्री वितरण भएको जानकारी दिए। ज्ञान केन्द्रका अनुसार सप्तरीका लागि ७ सय मेट्रिक टन गहुँको विउ आवश्यक छ। अहिले पनि जिल्लामा करिव ५५० टन गहुँको बीऊ अपुग गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ।

बाँकी अन्तिम पृष्ठमा

# युवाको सकृयतामा पार्क निर्माण

❑ **शिवप्रसाद आचार्य**

सप्तकोसी नगरपालिका वडा नं. १ मा रहेको त्रियुगा सहकारीले सप्तकोसी नपा वडा १ फत्तेपुरका करिब ६ सय ५० जना शेयर सदस्यलाई सहकारी सम्बन्धि आधारभुत सहकारी शिक्षा प्रदान गरेको छ।

भगवती मन्दिरको सभाहलमा संचालित कार्यक्रममा सहकारीबाट शेयर सद्स्यहरुलाई फाइदा,सहकारीमा किन आबद्ध हुने,सहकारीबाट लिएको ऋण सदुपयोग ,शेयर सद्स्यहरु आत्मनिर्भर हुनुपर्ने ,सहकारीका मुल्य मान्यताका बिषयमा केन्द्रिय बहुउद्देश्यीय महासघका ब्यबस्थापक गोपिकृष्ण भन्डारीले सहजीकरण गरेको संस्थाका उपाध्यक्ष बैजनाथ दासले बताए।

यसभन्दा पहिले सप्तकोसी नगरपालिका का दस वडा र कन्चनरुप नगरपालिका का दुई वडाका गरि तेर वडाका आफ्ना अठार सय भन्दा बढिलाइ सहकारी शिक्षा प्रदान गरिसकेको सस्थाका ब्यब्सथापक दिपक काकी ले बताए। सस्थामा रहेका चौबिस सय शेयर सद्स्यलाइ बिगत तीन बर्ष देखि यो शिक्षा प्रदान गर्दै आइरहेको सस्थाका अध्यक्ष शम्भुबहादुर खड्काले जानकारी दिएका छन्।

## सूचना ! सूचना !! सूचना !!!

मिति : २०७५/०८/२४

यस श्री फत्तेपुर बहुउद्देश्यीय सहकारी संस्था लि.को १३ औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुन गइरहेको हुँदा सो अवसरमा सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौ। सो सभामा तपसीलका बिषयहरु माथि छलफल हुने ब्यहोरासमेत अनुरोध गर्दछौ।

**तपसील**

१. संस्थाका तर्फबाट प्रस्तुत अध्यक्षको प्रतिवेदन माथि छलफल।
२. आ.व. ०७४/०७५ को लेखा परीक्षण गर्न लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक सदर,
३. आ.व. ०७४/०७५ को लेखापरीक्षण प्रतिवेदन माथि छलफल।
४. आ.व. ०७५/०७६ को लेखापरीक्षण गर्न लेखा परीक्षकको नियुक्ति।
५. गत साधारण सभा पछि संचालक समितिले गरेका निर्णयहरु अनुमोदन।
६. आ.व. ०७५/०७६ को वार्षिक कार्य योजना माथि छलफल।
७. विविध।

**कार्यक्रम**

१. **मिति : २०७५/९/२६** २. **समय : विहान ११ बजे देखि**
३. **स्थान : शान्तिनगर हटिया स्टल, स.न.पा.-१**

**फत्तेपुर बहुउद्देश्यीय सहकारी संस्था लि.**

**सप्तकोशी नपा-१, २ नं. प्रदेश, सप्तरी**

**सप्तरीमा. . .**

आधिकारीक विक्रेतासँग नै अभाव भएपछि वजारमा तेब्वर मुल्यसम्म हाल्दा पनि किसानले सहज ढङ्गवाट गहुँको विऊ पाएका छैनन्। साल्ट ट्रेडिङ्गले २ हजार ६२० रुपैयाँ प्रतिवोरा ९४० केजी० र कृषि ज्ञानकेन्द्रले ४० प्रतिशत अनुदानमा १ हजार ५७२ रुपैयाँ प्रतिबोरा ९४० केजी० बेच्ने गरेको गहुँको बीऊ खुल्ला बजारमा ४ हजार रुपैयाँ बोरा विक्री भईरहेको किसानहरुको गुनासो छ।

जिल्ला आपुर्ति समितिका संयोजक तथा सप्तरीका सिडिओ सुरेन्द्र पौडेलले गहुँको बीऊ सहज वितरण तथा कालोवजारी नियन्त्रणका लागि स्थानीय तहहरुलाई पत्राचार गरिसकिएको भन्दै आवश्यक्ता परे सुरक्षाको प्रवन्ध समेत मिलाईने बताए। गहुँ बीऊ कालोवजारी सुरु भएको गुनासो आएपछि सदरमुकाममा समेत अनुगमन तिव्र बनाईएको उनको भनाई छ। अनुदाको गहुँको विउ भारततर्फ समेत निकासी हुन थालेपछि पछिल्लो समय सुरक्षाकमी परिचालन गरी करिव ४० क्विन्टल बीऊ नियन्त्रणमा लिई जिल्ला भन्सार कार्यालय वेल्हीमा बुझाईएको उनले जानकारी दिए।


## अब धरान विराटनगर धाउनु पर्दैन

यदि तपाईलाई दातको कुनै पनि समस्या भएमा सदैब हामीलाई सम्झनुहोस । हामी तपाईको सेवामा तत्पर छौं ।

**हाम्रा सेवाहरु**

दात सफा गर्ने, दातमा सिमेन्ट भर्ने, दातमा आर.सि.टि.गर्ने, नयाँ दात लगाउने, नमिलेको दात मिलाउने, दात फुकाल्ने, गिजा सुनिने, दातबाट रगत आउने, मुख गनाउने मुख भित्रका घाउ खटिराहरूजस्ता सम्पुर्ण समस्याको उपचार घोपा क्याम्प धरानका डाक्टरहरूद्धारा गरिनुका साथै दातको एक्स-रे साथै सल्यक्रियासमेत गरिन्छ।



प्रो.पपुलर चौधरी

**सप्तकोशी डेन्टल क्लिनिक**

सप्तकोसी नगरपालिका १ फत्तेपुर बजार लाइन

सम्पर्कः ९८४९१५१५८३ र ९८१७३०९४४७



# समृद्ध नेपाल सुखी नेपाली, सामाजिक सेवा सबैको जिम्मेवारी

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**सूचना तथा प्रसारण विभाग**



## तपाईहरुको सेवामा फत्तेपुर पोलिक्लिनिक

**हाम्रा उपलब्ध सेवाहरु**

- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स-रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स-रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा




**फत्तेपुर पोलिक्लिनिक(प्रालि)**

सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय मावि अगाडी फोन नं.: ०३१-५५०१८७


## सप्तकोशी नगरपालिकाको अनुरोध

- सप्तकोशी नगरलाई शिक्षा ,स्वास्थ्य ,पर्यटन तथा व्यापारिक केन्द्रको रुपमा विकास गर्न आ–आफनो क्षेत्रवाट लागि परौ।
- शहरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ।
- आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ।
- शहरलाई प्लाष्टीक र प्रदुष्णयुक्त वनाउन प्लाष्टीकको झोला प्रयोग नगरौ। कपडा तथा कागजका झोलाहरु वढीमात्रामा प्र्योग गरौ।
- समूहमा मिलेर घरेलु फोहर तलगाउन चाहनुहुन्छ भने नगरपालिकामा सम्पर्क राखौ।
- नगरपालिकालाई बुझाउनु पर्ने सवै किसिमका करहरु समयमै बुझाई नगरको विकासमा सहयोग पुयाऔ।
- नगरक्षेत्रमा कुनै पनि भौतिक निर्माण कार्य गर्दा नगरपालिकासँग अनुमति लिएर मात्र गर्ने गरौ।
- आफना चौपायहरु जथाभावी छाडा नछाडौ।
- सडक वत्ति समयमा वाल्ने र निभाउने गरौ।
- अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ।
- सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं।
- सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं।

सप्तकोशी नगरपालिकाको कार्यालय,
२ नं. प्रदेश, सप्तरी

प्रमुख सल्लाहकारः डा.महेन्द्र विष्ट, सल्लाहकारः प्रकास खतिवडा, सम्पादक/ प्रकाशक देवेन्द्र कार्की(९८४२१२५२७९), प्रधान सम्पादक विश्वराम कार्की, प्रवन्ध सम्पादक,खगेन्द्र कार्की (९८४२०९२१०७), समाचार सम्पादक शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, काठमाण्डौ प्रतिनिधिः मिलन केसी, सुनसरी प्रतिनिधिः कृष्ण कार्की, बेलटार शाखा प्रमुखः शंकर केशी, रामपुर प्रतिनिधिः सरद कोईराला, कञ्चनपुर प्रतिनिधिः राजकुमार पासवान कार्यालय ठेगानाः सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७४३२०२, धरान सम्पर्कः ९८०३८१९७२१ Email:,publicnews8@gmail .com, Web site: www .janatimes .com, मुद्रणः शिवज्ञान अफसेट प्रेस, सप्तकोशी नपा -१, सप्तरी, ०३१-५५०२११

जनता टाइम्स
JANATA TIMES WEEKLY साप्ताहिक

## सम्पादकीय....................

### नेपाल-भारत सम्बन्धका पाटा

भारत उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथ योगी ६ घण्टे भ्रमणका लागि विवाह पञ्चमीको अवसरमा जनकपुर आएर फर्के । प्रदेश सरकारले उनको स्वागतका लागि कुनै कसर बाँकी राखेनन् । मिथिलाको परम्पराअनुसार उनको स्वागत गरियो भने ३६ प्रकारको ब्यञ्जनबाट सत्कार गरियो । छिमेकी मुलुकका मुख्य मन्त्रिलाई प्रदेश सरकारले राम्रै स्वागत तथा सम्मान गरेको छ । यसले प्रदेशको गरिमा पनि बढाएको छ ।

उत्तर प्रदेशका मुख्यमन्त्रीको जनकपुर भ्रमण धार्मिक रहे पनि यसले दुई देशको सम्बन्धलाई थप उजागर गरेको छ । रामको जन्मभूमि अयोध्या आदित्यनाथ मुख्यमन्त्री रहेको उत्तर प्रदेशकै धार्मिक सहर पनि हो । जनकपुर सीताको जन्मभूमि हो । यी दुवै धार्मिक सहरबीच त्रेतायुगदेखिकै सम्बन्ध छ । सीतालाई भारतका हिन्दूले सती सावित्री ठान्दछन् । उनको जन्मभूमि जनकपुरप्रति भारतीयको अगाध आस्था छ । यि नै विशेषताले नेपाल-भारतबीच प्राचीन सम्बन्ध भएका प्रष्टाएको छ ।

उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ आएर नेपाल-भारत सम्बन्धलाई नयाँ आयाममा बदल्न खोज्नु नै आजको आवश्यक्ता हो । यसबाट नेपाल-भारत सम्बन्ध अझ मजबुत बन्ने कुरामा निर्विवाद छ । यसले नेपाल र भारतबीच रोटीबेटीको सम्बन्ध मात्र नभई परस्परको सांस्कृतिक समानताको महत्व पनि छ भन्ने थप प्रष्टाएको छ । त्यहाँ भउको भब्य समारोहले जनकपुरको गरिमालाई झन बनाएको मात्र छैन् नेपाल र भारतबीचको सम्बन्धको दायरा पनि फराकिलो पारेको छ ।

### ☎ जरुरी टेलिफोन ☎

⇩सप्तरी

| | |
|---|---|
| जिल्ला प्रसासन कार्यालय, सप्तरी | ०३१-५२०६२४ |
| क्षेत्रीय प्रहरी कार्यालय, | ५२००४५, |
| जिल्ला प्रहरी कार्यालय, | ५२००५५ |
| प्रहरी चौकी, फत्तेपुर, | ५५०१०० |
| सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर, | ९७४३०२३०२१ |
| नेपाल रेडक्रस सोसाईटी, | ५२०२५८ |
| जिल्ला जनस्वास्थ्य कार्यालय, | ५२१६०६ |
| प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर, | ५६०००५ |
| उपस्वास्थ्य चौकी, सप्तकोशी नपा, | ५५०१६९ |
| एम्वुलेन्स सेवा, सप्तकोशी नपा | ५५०१६९ |
| सप्तकोशी नगरपालिका, फत्तेपुर, | ५५००१९ |
| ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर, | ५५०११२ |
| टेलिकम शाखा फत्तेपुर, | ५५००६६ |

# जनकपुरको ऐतिहासिक पक्ष

रोशन जनकपुरी

जनकपुरधाम प्रथम दृष्टिमा एउटा मिथकीय तीर्थस्थलको रूपमा प्रसिद्ध छ। रामायणकी नायिका र हिन्दुभक्तको निम्ति जगद्जननीको रूपमा आराध्य सीता मिथिलाकी राजकुमारी र राजा शीरध्वजकी छोरी थिइन्। मिथिलाका अन्तिम शासक कराल थिए। कराल जनकको पतन सम्भवतः इसापूर्व नवौँ(दशौँ शताब्दीतिर भएको हो। त्यसपछिको करिब एकहजार वर्षसम्म मिथिलाको इतिहास अन्धकारमा देखिन्छ। बौद्ध जातकहरूमा आर्यावर्तको प्रथम बीसवटा जनपदहरूमा मिथिला र विदेहवंशको चर्चा भएपनि त्यो बज्जिमहासंघ भित्रको एक प्रतिष्ठित तर राजध्वज पतन भैसकेको रूपमा चर्चा गरिएको छ। बौद्ध जातक र अन्य पौराणिक ग्रन्थहरूमा कतै विदेहलाई देश र मिथिलालाई राजधानी र नगर समेत , त कतै मिथिलालाई देशको रूपमा समेत चर्चा गरिएको छ। तर अहिले यस बहसभन्दा भिन्न हामी जनकपुरधामको एतिहासिकतामा केन्द्रित हुनु उचित हुनेछ।

हुन त जनकपुरधाम् बारे ऐतिहासिक साक्ष्यहरू न्युनतम् एक हजार वर्षसम्मको पाइन्छ। तर आधुनिक जनकपुरधामको शुरूआत सत्रौँ शताब्दीदेखि भएको हो। जतिबेला सुरकिशोर दास जनकपुरधाम् आए र अहिले जानकीमन्दिर भएको ठाउँमा एउटा नीमको रूखमुनि आफ्नो सधुक्कडी चिम्टा गाडे। त्यतिबेला त्यहाँ जङ्गल थियो। तर एतिहासिक साक्ष्यहरूले जनक र जानकीसंग जोडिएको र घना जङ्गलबीचको यो ठाउँ नजिकका क्षेत्रहरूमा परिचित रहेको थियो र सम्भवतः रामनवमीको सानोतिनो तिर्थालू जमघट समेत शुरू भैसकेको थियो। यसबारे विद्यापतिको भूपरिक्रमा ग्रन्थलाई साक्ष्य महत्पुर्ण छ। यस पुस्तकमा मैथिली भाषाका महाकवि विद्यापतिले विद्वतजनले जनकपुरलाई वैदेहहरूको 'पुर' नमानेको भनेका छन्। विद्यापतिको भनाईमा विद्वतजनले यस जनकपुरलाई वैदेहहरूको नगर स्वीकार नगरेपनि लोकजनले यसै जनकपुरलाई राजा जनकको राजधानी र तीर्थ मान्ने गरेको भाव उत्पन्न गराउँदछ। यसले अरू जे भनेपनि त्यतिबेला (चौधौँ शताब्दीको प्रारम्भ) जनकपुरको अस्तित्व रहेको र यसप्रति जनविश्वास त निश्चितरूप मै प्रमाणित हुन्छ।

जनकपुरधामबारे पहिलो ऐतिहासिक अभिलेख इन्द्रविधाता सेनले सन् १७११मा रामचन्द्र मन्दिर (राममन्दिर)लाई कुशीवर्ता जग्गादान गरेको लिखत हो। यो लेखत हाल उपलब्ध छैन, तर यसबारे विभिन्न श्रोतहरूमा उल्लेख भएको पाइन्छ। यसपछिको दोस्रो अभिलेख सन् १७२७मा मकवानपुरका राजा मानिकसेनले रामदासलाई जानकीमन्दिरको महन्थ घोषणा गरेको लेखत हो। रामदास आधुनिक जनकपुरका संस्थापक सुरकिशोर दासका चौथो पुस्ताका शिष्य थिए। यहाँ उल्लेखनीय के छ भने रामदास जानकीमन्दिरका पहिलो महन्थ हुन र उनिभन्दा पहिलेका सुरकिशोरदास, प्रयागदास र जनकवैदेही दासलाई सन्त भनिएको छ।

सन्त सुरकिशोर दासले जनकपुरको खोजी गरेको सम्बन्धमा अनेक कथाहरू प्रचलित छन्। जस्मा आफूलाई सीताको पिताको भावमा तन्मय रहेको सुरकिशोर दासलाई सीताले आफ्नो मुर्ति भेटिने ठाउँ नै आफ्नो माइती अर्थात जनकपुर हुने कुरा सपनामा भनेर जनकपुर जान प्रेरित गरेको कथा बढी लोकप्रिय छ। तर ऐतिहासिक साक्ष्यहरूको आलोकमा के देखिन्छ भने हालको जनकपुरदेखि सितामढीको क्षेत्र मिथिला र जनकपुर वैदेहको नगरी (केही ठाउँमा जानकी जन्मभूमि भनिएको छ)को रूपमा परिचित तर दुर्गम वन्य क्षेत्र रहेको देखिन्छ। सुरकिशोर दास रसिक सम्प्रदायका साधू थिए, जो सीताको भक्तिमा आध्यात्मिकरूपमा लीन थिए। र यसले नै उनलाई मिथिला क्षेत्र र जनकपुर आउन प्रेरित गऱ्यो। उनी जनकपुर आउन प्रेरित गर्ने कारणहरूको खोजी गर्दा रसिक सम्प्रदाय र जनकपुरको सम्बन्धबारे थोरै चर्चा गर्नु सान्दर्भिक नै हुने छ।

ऐतिहासिक श्रोतहरूका अनुसार सोह्रौँ( सत्रहौँ शताब्दीमा गंगाको मैदानी क्षेत्रमा राम त्रिदेव (ब्रह्मा, विष्णु र महेश) मध्ये विष्णुको अवतारको रूपमा स्थापित भैसके पछि रामभक्त साधूहरूले रामको जीवनसंग सम्बन्धित स्थलहरूको खोजी गर्ने अभियान थाले। रामले वनगमन गरेको विन्ध्य पर्वत खोजियो, चित्रकूट खोजियो भने अयोध्या रामको जन्मस्थलको रूपमा पहिलेदेखि नै परिचित थियो। रामलाई पूजनीय देवको रूपमा स्थापित गर्ने श्रेय स्वामी रामानन्दलाई छ। उनले रामानुजी परम्परामा लक्ष्मी र विष्णु प्रधान रहेको श्रीसम्प्रदायभन्दा भिन्न आफ्नो छुट्टै सम्प्रदाय चलाए, जस्ले रामलाई आराध्यदेव मान्यो। रामानन्दी सम्प्रदायमा जातिभेद थिएन। भनिन्छ दुनियाँलाई सुनाउने उद्देश्यले स्वामी रामानन्दले रूखमा चढेर नारा दिए ( जात पात पूछे नहि कोई, हरिको भजे सो हरिका होई। संसारबाट विरक्त वैराग्यलाई ग्रहण गरेको स्वामी रामानन्दका प्रथम बाह्रजना शिष्यहरूमा अनन्तानन्द, भावानन्द, सेन, धाना, नाभादास, नरहर्यानन्द, सुखानन्द, कबीर, रैदास, सुरसुरानन्द, सुरसुरी र पद्मावती थिए। यसमध्ये कबीर र रैदासले निर्गुण रामलाई मानेर आ(आफ्नो पन्थ विकास गरे भने अन्य शिष्यहरू साकार रामका अनुयायी थिए। यिनै मध्येको एक नाभादासको एक शिष्य अग्रदास (अग्रअली, अग्रस्वामी)ले सत्रौँ शताब्दीमा मध्यप्रदेशको रैवासा स्थानमा गएर रसिक सम्प्रदायको विकास गरे। कृष्ण परम्परामा राधालाई मूख्य मानेर विभिन्न सम्प्रदाय विकसित भएजस्तै अग्रदासले सीतालाई सर्वौच्च मानेर रसिक सम्प्रदायको मत विकास गरे। यस सम्प्रदायमा सीता प्रति साख्य ( सखि)भाव राखेर श्रृङ्गारिक भावमा समेत आराधना गरिन्छ। यिनै अग्रदासको शिष्य परम्परामा एक किल्हस्वामीका प्रपौत्र शिष्य थिए सुरकिशोर दास। सुरकिशोर दास भारतको मध्यप्रदेश प्रान्तको लोहागढ भन्ने गाउँमा एउटा मन्दिरमा पुजारी थिए। जो त्यतिबेला मुगल शासक औरङ्गजेबको धार्मिक असहिष्णुता र दमनको कारण त्यहाँबाट पलायन हुन बाध्य भएका थिए।

सत्रौँ शताब्दीमै गोस्वामी तुलसीदासको रामचरित मानसले राम र सीताको कथालाई व्यापक विस्तार दियो र सीतालाई छोरी भावमा मानेर आराधना गर्ने रसिक सम्प्रदायका अनुयायी सुरकिशोर दास सीताको माइती मिथिला खोज्दै जनकपुर आएका हुन्। सुरकिशोर दासले जनकपुर खोजी गर्ने प्रेरणा निश्चितरूपमा अयोध्यामा रामभक्तहरूले रामका जीवनसंग सम्बन्धित स्थलको खोजी गर्ने अभियानको अङ्ग थियो, जस्को निम्ति उनि आफ्नो आध्यात्मिक भावबाट प्रेरित भए। यसलाई हामी अयोध्याको तेह्रकोसे परिक्रमा र अयोध्या महात्म्य नामक ग्रन्थसंग जनकपुरमा पन्द्रदिने परिक्रमा र मिथिला महात्म्य ग्रन्थलाई तुलना गर्न सक्दछौँ। बाहिरी दुनियाँको निम्ति जनकपुरधाम् सत्रौँ शताब्दीसम्म अल्पपरिचित थियो। सुरकिशोर दास र उनका शिष्यहरूले भारतको अयोध्या, मध्यप्रदेश र उत्तरप्रदेशको विभिन्न ठाउँमा गएर जनकपुरको प्रचार गरे। जनकपुरलाई पहिलोपटक व्यापकरूपमा प्रचारित गर्ने श्रेय अयोध्याबाट प्रकाशित 'श्री महाराजा चरित्र' नामक पुस्तकलाई जान्छ। सन् १८०५मा लेखन सम्पन्न भएको यस पुस्तकको रचनाकार अयोध्या बारास्थानका सन्त रघुनाथ दास थिए। यस पुस्तकमा जनकपुरका प्रायः सबै महत्वपूर्ण मन्दिर र पोखरीहरूको उल्लेख छ। यसमा जानकीमन्दिर, रामचन्द्र मन्दिर, जनकमन्दिर, रत्नसागर, गंगासागर, अरगजा, धनुषासर, दशरथ कुण्ड, लक्ष्मण कुण्ड, आदिको चर्चा छ। यस पुस्तकले अरगजा वा अङ्गराग सरको चर्चा महत्वपूर्ण रूपमा गरेको छ, जसअनुसार सीताको बिहामा यस पोखरीमा अङ्गराग अर्थात् उबटन तयार पारिएको थियो। त्यसतै सम्भव छ धनुभङ्गको बेला धनुषको एउटा भाग आकाशतिर स्वर्गमा र अर्को भाग उडेर जनकपुरभन्दा बाह्र माइल उत्तर धनुषाधाममा खसेको कथा फैलाउने श्रेय यसै पुस्तकलाई जान्छ। यस पुस्तकले हालको जानकीमन्दिरलाई जनक दरबार र यस्को अगाडी ठूलो मैदान भएको र त्यहीँ शिवधनुष राखिएको थियो भनेर भनेको छ। त्यस्तै शिवधनुष प्रदर्शनी स्थलमा ल्याउनुभन्दा अगाडी धनुषसागरमा राखिएको र त्यहीँबाट प्रदर्शनीस्थलसम्म ल्याइएको भनिएको छ। यस पुस्तकमा धनुषाधाम्मा बाघ, भालू, हात्ती, गैँडा, अर्ना आदि घुम्ने गरेकोले धनुषाधाम् जाँदा सावधानीपूर्वक जान सचेत गराइएको छ। त्यस्तै यस पुस्तकले गिरिजास्थान(सीताले फुल टिपेर गिरिजाको पूजा गर्ने ठाउँ, हाल यो भारतको मधुबनीजिल्लामा पर्छ,) र बिसौल (केहीको मतमा विश्वामित्रको आश्रम, जनकपुरको लोकप्रिय पन्द्रदिने परिक्रमाको अन्तमा बिसाउने ठाउँ, हाल भारत मधुबनी जिल्लामा पर्छ)बारे पनि चर्चा गरिएको छ।

प्रारम्भमा सेनवंशी शासकहरूबाट पोषित जनकपुरलाई शाहवंशी शासकहरूले आध्यामिक स्थलको सम्मान दिए। पृथ्वीनारायण शाहले सन् १७६२मा मकवानपुर कब्जा गरेपछि तत्कालीन महोत्तरीमा पर्ने जनकपुरपनि शाहवंशी शासनको मातहतमा गयो। शाहवंशी शासक मध्ये रणबहादुर शाहले धनुषाधामलाई कुशेबिर्ता जग्गा दिए र मन्दिर निमार्ण गर्न लगाए। विक्रम सम्वत् १९९१ सालको महाभूकम्पमा जानकीमन्दिर बाहेक जनकपुरधामको प्रायः सबै मन्दिरहरू भत्किएका थिए। पछि तत्कालीन राणाशासकहरूले मन्दिरहरूको निर्माण गराए। यहाँ रोचक जानकारी के हुन सक्दछ भने महाभूकम्पभन्दा पहिले राममन्दिर दुइतले थियो। भूकम्पपछि वर्तमान एकतले मन्दिर निर्माण गरिएको हो।

जनकपुरमा लाग्ने मेलाहरू र सन् १९३४मा जनकपुर(जयनगर रेलको विकासले जनकपुरको विकासमा चौतर्फी मद्दत गरेको हो। जनकपुरको ऐतिहासिकता एक हजार वर्षको सहजै खोज्न सकिएपनि कुवारामपुरमा पाइएका चिल्लो कालो पत्थरको विष्णुमूर्ति र महदैयामा पाइएका कुषाणकालीन सिक्काहरूले यस मिथकीय शहरको ऐतिहासिकता अझै धेरैपछि सम्म पुग्नसक्ने सम्भावना छ। तर यसको निम्ति जनकपुरको प्राचीन स्थलहरूको उत्खनन् आवश्यक छ। *(मधेश दर्पण)*

# के हो 'मेनिया' रोग




श्याम आजकाल बिहान ३ नबज्दै उठ्छ । सामान्यतः ऊ यति छिटो चाँडै ब्युझिने मान्छे होइन । यति चाँडो उठ्दा पनि उसलाई थकाई भने लाग्दैन । बरु अझै खुशी देखिन्थ्यो ।

आजकाल ऊ धेरै गीत गाउने र नाच्ने भएको थियो । अनि 'त्यसो नगर' भनेर सम्झाउँदा झनै रिसाउथ्यो । पहिले-पहिले खास बोल्ने मान्छे होइन । आजकाल नचिनेको मान्छेसँग पनि खुलेर बोल्छ । ठूला-ठूला कुरा गर्छ । करोडौंका व्यापार गर्ने, विदेशमा शाखा खोल्ने र कहिले त आफूलाई भगवानको अवतारझैँ कुरा गर्छ ।

चार दिन भइसकेको थियो । ऊ आफूले २० वर्षदेखि जागिर गर्दै आएको अफिस पनि नगएको । अफिस जाँदा जोसँग पनि झगडा हुन्थ्यो उसको । अझ हाकिमको कोठामा गएर 'तपाईंलाई काम गर्न आउदैन' भन्थ्यो रे । उसले पैसा त उसले खोलाजस्तै बगायो । साथीहरुलाई दिनहुँ पार्टी दिने, ऋण लिएर मस्ती गर्ने, जे देख्यो त्यहीँ किन्ने, नसा सेवन गर्ने, तेज गाडी कुदाउने, केटी जिस्क्याउने, र नयाँ महँगो लुगा लगाउने जस्ता काम गर्न थाल्यो । यसअघि श्यामको बानी यस्तो थिएन । जसबाट श्यामको परिवारका सदस्यहरु अचम्मित छन्।

भूतप्रेत लाग्यो भनेर परिवारका सदस्यले झारफुक पनि गरे । तर, समस्या समाधान भएन । श्याामको बानी उस्तै रह्यो । केही दिनअघि उसले प्रहरीलाई पनि पिटेछ । त्यसपछि पुलिसले थुन्यो । बल्ल परिवारले शंका गरे, श्याममा कुनै स्वास्थ्य समस्या पो छ कि भनेर । श्याम भने आफू ठीक रहेको जिद्दी गरिरहन्छ ।

वास्तवमा श्यामलाई मेनिया भन्ने मानसिक समस्या रहेछ । बल्ल-बल्ल मनोचिकित्सकलाई देखाएर उपचार गरेपछि ठीक हुँदैछ ।

१. के हो मेनिया ?

यो एकप्रकारको मानसिक र मनोरोग हो ।

२. यसका लक्षण के-के हुन्छन् ?

यसका लक्षण सामान्य स्वभावभन्दा विपरित हुन्छ । जस्तै,

निन्द्राको आवश्यकता कम हुने

शरीरमा धेरै तागत वा फूर्ति हुने

धेरै खुशी हुने वा धेरै रिसाउने

धेरै बोल्ने, झगडा गर्ने, ठूला कुरा गर्ने

आफूलाई ठूलो मान्छे भन्ठान्ने, अत्याधिक पैसा खर्च गर्ने

**नचाहिने लगानी गर्ने, फाल्तु खर्च गर्ने**

अरुलाई मान्छे नगन्ने, कहिले धेरै पूजापाठ गर्ने, कहिले आफूलाई भगवानको अवतारसम्म दाबी गर्ने

एक ठाउँमा स्थिर भएर नबस्ने, मनमा एकपछि अर्को कुरा खलाउने

**नशा सेवन बढी गर्ने**

यौन इन्छा बढी हुने

(तर बिरामीलाई आफू ठीक छु भन्ने लागिरहेको हुन्छ । उनीहरुले (धेरैले )आफ्नो स्वभावमा आएको परिवर्तन महशुस गर्न सक्दैनन्)

३. माथिका सबै लक्षण मेनिया रोगभित्रै पर्छन् ?

होइन, कम वा धेरै वा अलि फरक पनि हुन सक्ने हुनाले मनोचिकित्सकलाई देखाउन जरुरी हुन्छ ।

४. के यो भूतप्रेतले गर्दा हुने हो, किनभने यस्तो स्वभाव त श्यामको पहिले थिएन ?

होइन, यो दिमागको रसायनको गडबडीले हुन्छ । अनि तनावले बल्झिन सक्छ । पारिवारिक वा वंशाणुगत पनि हुन सक्छ । धेरैजसोमा मौसम बदि्लदा पनि रोग बल्झिन सक्छ।

५. रोग लागेर मान्छे आफूलाई भगवानझैँ कसरी मान्छ, त्यो पनि पूर्ण विश्वासका साथ ?

जसरी मानिसहरु शिवरात्रीमा भाङ खाँदा आफू उडेको, रङहरु नाचेको देख्छन् । किनकि त्यसबेला नशाले दिमागी रसायनको गडबडी गर्छ। त्यसैगरी जब दिमागी रसायन गडबड हुन्छ, यस्तो रोग लाग्छ । अनि थुप्रै हुन नसक्ने कुरा हुन थाल्छ । यस्तो समस्या महिला पुरुष दुवैमा हुन सक्छ ।

६. यो रोग लागेपछि ठीक हुँदैन ?

औषधि उपचारले यो रोग ठीक हुन्छ। बिरामी पूरानो स्वभावमा फर्कन्छ । तर, फेरि बल्झिन सक्ने सम्भावना हुन्छ ।

७. के जीवन भर औषधि खाइरहनु पर्छ ?

त्यस्तो होइन । कसै-कसैलाई धेरैपटक बल्झन्छ । उनीहरुले चाहिँ लामो समयसम्म औषधि खाने हुन सक्छ ।

८. यस्ता बिरामीले आफ्ना नियमित काम गर्न सक्दैनन् ?

होइन, ठीक भएपछि धेरैजना आफ्नो नियमीत काममा फर्कन्छन् र यसका थुप्रै उदाहरण छन्।

९. यस्ता बिरामीलाई अरु के रोग लाग्न सक्छ ?

यस्तो मेनिया भएका बिरामीलाई कुनै बेला डिप्रेसन हुन सक्छ । एनफ्लुडिप्रेसन र बाइपोलार डिप्रेसन हुन्छ । यसका लागि फरक उपचार छन् ।

## तपाईंको यो साता

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ): मनमा उत्साह र हिम्मत बढ्नेछ । भेटघाटमा मन रमाउनेछ । खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन् ।

**वृष** (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आम्दानी बढ्ने छ । विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला । काम गर्ने जांगर र आत्मबल बढ्ला ।

**मिथुन** (का,कि,कु,घ,ङ,छ,के,को,ह): आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन् । शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ । यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ । तपाईको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन् ।

**सिंह** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): मन प्रफुल्ल रहला । आफन्तजनबाट सहयोग मिल्न कठिन होला । एकाग्र भएर काम गर्न मुस्किल पर्ला ।

**कन्या** (टो,प,पी,पू,ष,ण,ठ,पे,पो): मनमा चंचलता बढ्नेछ । समय राम्रो छैन । साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला ।

**तुला** (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला । समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला ।

**वृश्चिक** (तो,ना,नि,नू,ने,नो,या,यि,यू): स्वास्थ्य सम्बन्धि समस्या आउने छ । मन दोधार होला ।आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला ।

**धनु** (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): शैक्षिक क्षेत्रभने मध्यम रहला । सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला ।समय मध्यम खालको छ ।

**मकर** (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): समय उत्तम खालको छैन । आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति नहोला ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द): नयाँ र रमाइलो ठाउँको भ्रमण होला । सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला ।

**मीन** (दी,दू,थ,झ,ञ,दे,दो,च,ची):पुराना साथीभाईहरुसित भेटघाट होला । व्यापार व्यवसायमा प्रगति होला ।तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला । माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ ।

# हात्ती पीडित परिवारलाई राहत वितरण




सप्तरी / धमी हल्फा महिला विकास क्लव सप्तरीले शुक्रवार हात्ती पीडित चार परिवारलाई सहयोग गरेका छन ।

हात्तीको आक्रमणवाट घरवार विहिन अग्नीसाईर कृष्णासवरन-१ र रुपनी गाउँपालिकाका ३ घर परिवारलाई क्लवले राहत उपलब्ध गराएका हुन्। नेपाल आदिवासी जनजाति महासंघ सप्तरीको पहलमा अग्नीसाईर कृष्णासवरन गाउँपालिका वडा नम्वर-२ का जमुना तामाङ, रुपनी गाउँपालिका वडा नम्वर ६ का डिक वहादुर यसमाली मगर, दान वहादुर विश्वकर्मा र कामी सिंह तामाङलाई क्लवले राहत उपलब्ध वितरण गरेका छन्।

नेपाल आदिवासी जनजाति महासंघ सप्तरीका अध्यक्ष वृजमान तामाङको अध्यक्षता तथा सहयोगी क्लवका अध्यक्ष ई। सुर्य नारायण यादवको प्रमुख आतिथ्यमा एक कार्यक्रमको वीच त्रिपाल, झुल, तन्ना, धोती, सारी, थाल, गिलास, कन्ती, डेक्ची, पन्यु ४ जना पीडित परिवारलाई एक–एक थानको दरले उपलव्ध गराएका छन । राहात वितरण गर्दै यादवले विपदको समयमा पीडितलाई थोरै सहयोग गर्न पाउँदा खुशी लागेको वताए ।

रुपनी गाउँपालिका वडा नम्वर ६ का वडा अध्यक्ष गोविन्द सिंह थापा मगरले जनतालाई परेको पीरमर्कामा सहयोग गर्न तत्पर रहेको बताए । हात्ती पिडितलाई सहयोग गरेको वारे चर्चा गर्दै अध्यक्ष थापाले हात्तीको आक्रमण तथा कुनै पनि विपदको जोखिम आउन नदिन सवैजना सचेत हुनुपर्नेमा जोड दिए ।

सबल नेपालका कोषाध्यक्ष आयूष श्रेष्ठले क्लव र आदिवासी जनजाति महासंघले मानवीय सहयोग गरेको प्रति प्रशंसा व्यक्त गर्दै सामाजिक उत्थानका कार्यमा अझ सशक्त रुपमा अगाडी वढ्न सुझाव दिए । कार्यक्रममा आदिवासी जनजाति महासंघ सप्तरीका संस्थापक उपाध्यक्ष खडग वहादुर तामाङ, पूर्व उपाध्यक्ष कुमार मान श्रेष्ठ, कोषाध्यक्ष विष्णु वहादुर थापा, समाजसेवी सुर्य नारायण मेहता लगायतकाले मन्तव्य व्यक्त गरे ।

नेपाल तामाङ घेदुङ सप्तरीका सचिव सुर्यमान तामाङद्वारा सञ्चालित कार्यक्रममा धन्यवाद ज्ञापन नेपाल आदिवासी जनजाति महासंघ रुपनी गाउँपालिकाका अध्यक्ष भुपेन्द्र सिंह घले मगरले गरे । राहत वितरण कार्यक्रममा सामाजिक उत्थान, सामाजिक न्याय, पीडितको समस्या सामाधान र मानव अधिकारको क्षेत्रमा सक्रियता देखाएको भनी आदिवासी जनजाति महासंघ सप्तरीका अध्यक्ष वृजमान तामाङ, वडा अध्यक्ष गोविन्द सिंह थापा मगर र सवल नेपालका कोषाध्यक्ष आयूष श्रेष्ठलाई प्रमुख अतिथी क्लवका अध्यक्ष यादवले खादा तथा माला लगाएर सम्मान गरे । हात्तीको आक्रमणवाट घरवार विहिन परिवारलाई राहत वितरण गरेकोमा ई। यादवलाई समेत स्थानीयवासीले स्वागत गरे ।

# स्थानीय तहका कर्मचारीहरु आन्दोलित



सप्तरी / सरकारले कर्मचारी समायोजन गर्नका लागि तयार पारेको समायोजन अध्यादेश विभेदकारी रहेको भन्दै सप्तरीमा स्थानीय तहका कर्मचारीहरुले चरणवद्ध आन्दोलन थालेका छन्।

आन्दोनलमा १८ ओटै स्थानिय तह र जिल्ला समन्वय समितिका कर्मचारीहरु सहभागी छन । कर्मचारीहरुको संयुक्त आन्दोलन परिचालन समिति गठन गरी जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति लगायतका सरोकारवाला निकायमा ज्ञापन पत्र बुझाएका छन ।

सोमवारदेखि आन्दोलनका कार्यक्रम निरन्तर सञ्चालन हुने आन्दोलन परिचालन समितिका सल्लाहकार तथा नेपाल नगरपालिका कर्मचारी ऐशोसिएसन इकाई समिति राजविराजका अध्यक्ष उमेशप्रसाद यादवले जानकारी दिए । पुष २ गते स्थानिय तहमा सवै काम काज बन्द गरी कार्यालय परिसरमै धर्ना, ३ गते २ घण्टा कालोपट्टी बाँधेर काम काज ठप्प, ४ गते ६ घण्टा कालो पटी वाँधेर कामकाज ठप्प तथा ६, ७, ९ र १० गते दिनभर कामकाज ठप्प पार्ने कार्यक्रम रहेको छ ।






## आपतकालिन कार्य सञ्चालन केन्द्रलाई उपकरण सहयोग

फत्तेपुर / युनिसेफको सहयोगमा तिलाठी कोइलाडी गाउँपालिकाले जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र(डिईओसी) सप्तरीलाई आवश्यक उपकरण सहयोग गरेका छन्।

युनिसेफको सहयोगमा सञ्चालित बाल केन्द्रित विपद् जोखिम न्युनिकरण कार्यक्रम अन्तर्गत जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र सबलीकरण क्रियाकलाप अन्तर्गत उपकरण तथा अन्य सामग्रीहरु प्रदान गरिएको हो। जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंहले समितिका संयोजक प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेललाई सामग्रीहरु हस्तान्तरण गरे।

डिईओसीको काम कारबाहीलाई चुस्त दुरुस्त बनाउन एक सेट कम्प्युटर, प्रिन्टर, ब्याट्री, कुर्सी २ थान, एक थान खाट, टेलिफोन सेट, एक बर्षको इन्टरनेट शुल्क तथा टेलिफोन महशुल बुझाइएको तिलाठी कोइलाडी गाउँपालिकाका विपद् जोखिम न्युनिकरण अधिकृत राजेश कुमार झाले जानकारी दिए। यस अघि डिईओसीको भवन समेत सोही क्रियाकलाप अन्तर्गत मर्मत सम्भार गरिएको थियो।

सो अवसरमा प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले सहयोग सामग्रीले डिईओसीको काम कारबाहीलाई चुस्तबनाउन सहयोग पुग्ने बताए। युनिसेफको सहयोगमा तिलाठी कोइलाडी गाउँपालिकाले जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र९डिईओसी० सप्तरीलाई आवश्यक उपकरण सहयोग प्रदान गरेको छ।

युनिसेफको सहयोगमा सञ्चालित बाल केन्द्रित विपद् जोखिम न्युनीकरण कार्यक्रम अन्तर्गत जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र सबलिकरण क्रियाकलाप अन्तर्गत उपकरण तथा अन्य सामग्रीहरु प्रदान गरिएको हो। जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंहले समितिका संयोजक प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेललाई सामग्रीहरु हस्तान्तरण गरे।



डिईओसीको काम कारबाहीलाई चुस्त दुरुस्त बनाउन एक सेट कम्प्युटर, प्रिन्टर, ब्याट्री, कुर्सी २ थान, एक थान खाट, टेलिफोन सेट, एक बर्षको इन्टरनेट शुल्क तथा टेलीफोन महसुल समेत बुझाइएको तिलाठी कोइलाडी गाउँपालिकाका विपद् जोखिम न्युनिकरण अधिकृत राजेश कुमार झाले जानकारी दिए। यसअघि डिईओसीको भवन समेत सोही क्रियाकलाप अन्तर्गत मर्मत सम्भार गरिएको थियो। प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले सहयोग सामग्रीले डिईओसीको काम कार्वाहीलाई चुस्त बनाउन सहयोग पुग्ने बताए।


दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

हाम्रा सेवाहरुः

यहाँ हरेक किसिमका बिरामीहरूको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स–रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

बिशेषज्ञ डाक्टर

डा. संदीप शर्मा, हाड–जोर्नी, नशा तथा बाथ रोग

डा. दिलीप चौधरी, छाला–यौन तथा कुष्ट रोग

डा. बरुण देव, नाक–कान तथा घाटी रोग बिशेषज्ञ




जनसेवा पोलिक्लिनिक प्रा.लि

सप्तकोशी नपा–१, पारुहाङ्चौक, फत्तेपुर, फोन नं ०३१-५५००५०



बेलका नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।

– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।

-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।

– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरूवा रोपौ ।

– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं ।

– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरू समयमै वुझाई नगरको विकासमा सहयोग पुर्‍याऔ ।

– आफना चौपायहरू जथाभावी छाडा नछाडौ ।

– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।

– सार्वजनिक सम्पत्तिहरूको सवै मिलेर संरक्षण गरौं ।

-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ ।

– सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।

बेलका नगरपालिकाको कार्यालय,
१ नं. प्रदेश, उदयपुर



खुशीको खवर ! खुशीको खवर !!

अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गर्दैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरूद्वारा स्वास्थ्य परिक्षण हुने । निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

हाम्रो सेवाहरू

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ र

सम्पर्क स्थान

N/C/ Bose (बंगाली निज निवास) त्रियूगा पुल नजिक

सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३

नोटः आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।



सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज, LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ। मौकाको फाईदा उठाउनु होला।

प्रो.केदार श्रेष्ठ
माता मनकामना इन्टरप्राइजेज
सप्तकोसी नपा-१, फत्तेपुर
०३१-५५०१०६,
९८०७७७३८९१,
९८५२८२१२९१




IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरून्त पाउनुका साथै पठाइन्छ पनि ।






Complete Mobile & Computer Concern



extra easy zone for excellent service in electrics, education & entertainment



Saptakoshi Nagarpalika 1, Fattepur, Saptari

031-550014, 3dezone@gmail.com